Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाकोकार्यालय
### गैडहवा-३,विष्णुपुरा रुपन्देही

प.स:०७७/०७८ मिति:२०७७/०५/०२

च.नं/प्रशासन/

सूचना ! सूचना !! सूचना !!!

हाल कोरोना भाईरस (कोभिड-१९) का कारण देश भर दैनिक रुपमा संक्रमण बढिरहेकोमा यस गैडहवा गाउपालिकामा संक्रमण फैलिन नदिन सोको नियन्त्रण तथा रोकथामका लागि २०७७/०५/०१ गते बसेको गाउकार्यपालिकाको निर्णयानुसार मिति २०७७/०५/०२ गते राति १२वजे देखि २०७७/०५/०७ गते राति १२ वजे सम्म लकडाउन गरिएको र देहाय बमोजिम गर्न गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

तपसिल

१.मानिसहरुको जमघट भेटघाट बैठक समिक्षा गोष्ठी छलफल सामुहिक भेलाका कार्यक्रम नगर्ने ।

२.धार्मिक स्थानहरु मठ मन्दिर मस्जीद गुम्बामा भेला निषेध गर्ने ।

३.सामूहिक भेला ,भोज, भतेर सेमिनार, गोष्ठी एवम होटेल रेष्टुरेण्टमा सामूहिक भोज निषेध गर्ने ।

४.चाडपर्व स्वास्थ्य सम्बन्धी मापदण्डहरु पालन गरेर मात्र आ-आफ्ना परिवारका सदस्यहरुले मात्र मनाउने ।

५.विना काम घरबाट बाहिर ननिस्कने। घरबाट बाहिर निस्कदा र कार्यालय तथा सार्वजनिक स्थानमा जादा अनिवार्य रुपमा मास्क लगाउनु पर्ने ।

६.मास्क नलगाउने तथा सामाजिक दूरी कायम नगर्नेलाई कानुन अनुसार कारवाही गर्ने ।

७.पसलहरु सामाजिक दुरी कायम गरेर नेपाल सरकारले तोकेको समयमा मात्र संचालन गर्ने ।

८.हाट बजार पूर्ण रुपमा वन्द गर्ने, टोलटोलमा अलग अलग समाजिक दुरी कायम गरेर तरकारी बजार संचालन गर्ने

९.शैक्षिक संस्थाहरु नेपाल सरकारको निर्णय र निर्देशन प्राप्त नहुदा सम्म वन्द गर्ने र उपरोक्त कुराहरु नगर्ने, उलंघन गर्ने लाइ कानून वमोजिम कारवाही गर्ने ।

१०.सार्वजनिक यातायातका साधनहरु सञ्चालन नगर्ने ।

११.बैंक,लघुवित्त, सहकारी संस्था एवं अन्य वित्तिय संस्था लगायतका संस्थाहरु पूर्णरुपमा बन्द गर्ने ।

१२.गाउपालिका र वडा कार्यालयहरुबाट स्वास्थ्य सेवा, सरसफाई, एम्बुलेन्स, दमकल र अन्य अत्यावश्यक बाहेकका सेवाहरु अर्को सूचना जारी नगरेसम्म सञ्चालन नगर्ने ।

अध्यक्ष